# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३

**RN Entertainments नामको फेसबुक पेजबाट शितगंगा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीका बारेमा उठाइएका सवालहरुका सम्बन्धमा**

**प्रेस विज्ञप्ती**

**मिति २०८३।०१।२५**

मिति २०८३।०१।२२ गते पत्रकारको रूपमा परिचय दिनु भएका श्री विजय बस्याल (मोबाइल नं. ९७४५४०६८१०) शितगंगा नगरपालिकाको कार्यालयमा उपस्थित भई कार्यालयसँग सम्बन्धित केही एकपक्षीय विवरणहरू प्रस्तुत गर्दै विभिन्न विषयमा प्रश्न उठाउनु भएको सन्दर्भमा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

१) एम्बुलेन्स खरिद तथा रकम भुक्तानी सम्बन्धमा :

- शितगंगा नगरपालिका अन्तर्गत देउराली आधारभूत स्वास्थ्य सेवा केन्द्र र रोटरी क्लब अफ बुटवल चौतारीबीच एम्बुलेन्स खरिद तथा हस्तान्तर णसम्बन्धी लागत साझेदारीमार्फत ७५ प्रतिशत रोटरी क्लब र २५ प्रतिशत सम्बन्धित स्वास्थ्य संस्थाले व्यहोर्ने सहमति कायम भई एम्बुलेन्स खरिद सम्पन्न भई देउराली आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई हस्तान्तरण गरिएको र नगरकार्यपालिकाको निर्णयका आधारमा भुक्तानी दिइएको हो । बिल रकमको २५ प्रतिशत बराबर रु. ५,०२,०२५।- र डेकोरेशन, पार्टेशन लगायतका खर्च समेत गरी रु ६०००००। देउराली आधारभूत स्वास्थ्य संस्थाको खातामा जम्मा गरिएको हो ।

२) १८ वटा ग्याँस प्रयोग सम्बन्धमा

- "१८ वटा ग्यास" भन्ने विषयलाई एकै स्थान वा एकै व्यक्तिको व्यक्तिगत प्रयोगका रूपमा प्रस्तुत गरिएको भए पनि वास्तविकता अनुसार ती ग्यास सिलिण्डरहरू विभिन्न स्थानमा, विभिन्न प्रशासनिक तथा सेवा सम्बन्धी प्रयोजनका लागि आवश्यकताको आधारमा विभिन्न समयमा प्रयोग भएका ग्याँस सिलिण्डर हुन्। यस्तो प्रसङ्गलाई नगर उपप्रमुखज्यूसँग जोडेर अनावश्यक टिप्पणी प्रति हाम्रो विमती छ।

ग्याँसको विवरण (रकम भुक्तानी नभएको)

| सि नं | मिति | ग्याँस ल्याउने | प्रयोगकर्ता | परिणाम | रिफिल वा नयाँ | रकम |
|---|---|---|---|---|---|---|
| १ | २०८१।१२।२८ | सुदन अधिकारी | स्वास्थ्य संस्था | १ | रिफिल | २०००। |
| २ | २०८२।१।२५ | सुदन अधिकारी | स्वास्थ्य संस्था | १ | नयाँ | ४०००।- |

प्रमुख प्रशासकीय अधिकृत

*Website: - https://shitagangamun.gov.np, Email: - shitagangamunicipality@gmail.com*

प.सं.: २०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | २०८२।2।15 | ऋषि घिमिरे | कार्यालय | १ | नयाँ | ४०००। |
| ४ | २०८२।३।०८ | सुदन अधिकारी | स्वास्थ्य संस्था | १ | रिफिल | २०००। |
| ५ | २०८२।३।१३ | हेमकान्त | प्रप्रअ निवास | २ | रिफिल | ४०००। |
| ६ | २०८२।३।२५ | ओम प्रकाश पाण्डे | ओम प्रकाश (कार्यालय) | १ | नयाँ | ४०००। |
| ७ | २०८२।४।२८ | | सितापुर पाइप बाइल्डिङ्ग | १ | रिफिल | २०००। |
| ८ | २०८२।५।३ | सुदन अधिकारी | प्रमुख | १ | रिफिल | २०००। |
| नयाँ प्रमुख प्रशासकीय अधिकृत हाजिरी भए पश्चात | | | | | | |
| १ | २०८२।७।१३ | हेमकान्त वेल्वासे | प्रप्रअ निवास | २ | रिफिल | ४०००। |
| २ | २०८२।९।२९ | हेमकान्त वेल्वासे | कार्यालय | १ | रिफिल | २०००। |
| ३ | २०८२।१०।९ | सुदन अधिकारी | प्रप्रअ निवास | १ | रिफिल | २०००। |
| ४ | २०८२।१०।१५ | अर्जुन थापा | निर्वाचन सुरक्षा | १ | रिफिल | २०००। |
| ५ | २०८२।११।२८ | अर्जुन थापा | निर्वाचन सुरक्षा | १ | रिफिल | २०००। |
| ६ | २०८२।१२।०६ | लक्ष्मण पौडेल | सुवर्णखाला स्वा. चौकी | १ | | २०००। |
| ७ | २०८२।१२।०६ | - | उपप्रमुख | १ | रिफिल | १००० |
| ८ | २०८२।१२।०६ | लेखा | लेखा अधिकृत सातौं | १ | रिफिल | १००० |

**३) कोठा भाडा सम्बन्धमा**

- शितगंगा नगरपालिकाको निर्णय अनुसार कार्यालय प्रयोजनका लागि विभिन्न वडा कार्यालय, स्वास्थ्य चौकीका लागि विभिन्न स्थानमा भाडामा लिइ कार्यालय संचालन गरिएको छ । यसै सिलसिलामा प्रमुख प्रशासकीय भवनबाट नजिक पर्ने टोपलाल पाण्डेको घरमा समेत कार्यालयको प्रयोजनका लागि ६ वटा कोठाहरू भाडामा लिइएको छ । तीमध्ये नगर उपप्रमुखज्यूलाई ३ वटा कोठा उपलब्ध गराइएको छ भने बाँकी कोठाहरू आवश्यकता अनुसार कार्यालय स्टोर, न्यायिक समितिको सचिवालयमा प्रयोगमा आएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner